नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, नुवाकोट

# भोटेकोशी नदीमा आएको बाढीको कारण उत्पन्न अवस्था

२०८३ भाद्र १० गते देखि २०८३ भाद्र २६ गते बेलुका ६:०० बजेसम्मको विवरण

## १. मानवीय उद्धार, बेपत्ता र शव सम्बन्धी विवरण

| उद्धार संख्या | उद्धार गरिएको नेपाली नागरिक संख्या | | उद्धार गरिएको विदेशी नागरिक संख्या | | |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| ३,५३२ | १,९२० | १,३३५ | २३२ | २६ | २०८३ भाद्र १० गते देखि भाद्र २५ गतेसम्म |
| | ११ | ८ | ० | ० | २०८३ भाद्र २६ गते बेलुका ६:०० बजेसम्म |

| शव निकालिएको संख्या | पुरुष | महिला | लिङ्ग पहिचान नभएको | घाइते | |
|---|---|---|---|---|---|
| १९९ | ५० | ४६ | १०३ | ६६ | २०८३ भाद्र १० गते देखि भाद्र २५ गतेसम्म |
| | ० | ० | ० | ० | २०८३ भाद्र २६ गते बेलुका ६:०० बजेसम्म |

| बेपत्ता संख्या | नेपाली नागरिक | | विदेशी नागरिक | | नखुलेको | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | | |
| २,६९१ | १,८९५ | ४६७ | १२० | १५४ | ५५ | २०८३ भाद्र १० गते देखि भाद्र २५ गतेसम्म |
| | ० | ० | ० | ० | ० | २०८३ भाद्र २६ गते बेलुका ६:०० बजेसम्म |

*जिल्ला प्रशासन कार्यालयमा टिपिएको बेपत्ता संख्या विवरण समेत गणना गरिएको।

प्रशासकीय अधिकृत

## २. भौतिक पुर्वाधार क्षतिको विवरण

| विद्यालय | पक्की पुल | झोलुङ्गे पुल | जलबिधुत आयोजना |
|---|---|---|---|
| पूर्ण: ५<br>आंशिक: ३ | पूर्ण: २१<br>आंशिक: १ | पूर्ण: १८<br>आंशिक: ० | पूर्ण: ४<br>आंशिक: ० |

| सरकारी सवारी साधन | सडक | सरकारी कार्यालय | सहकारी संस्था |
|---|---|---|---|
| पूर्ण: ६४<br>आंशिक: ० | पूर्ण: ५.५ कि.मी<br>आंशिक: ८ कि.मी. | पूर्ण: १४<br>आंशिक: २ | पूर्ण: १४<br>आंशिक: ० |

| स्वास्थ्य चौकी |
|---|
| पूर्ण:<br>आंशिक: |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नुवाकोट

प्रशासकीय अधिकृत

माथी उल्लेखित विवरणहरू प्राप्त हुने क्रममा रहेका कारण, परिवर्तन हुन सक्ने। मिति २०८३ भाद्र २६ गते सम्मको


## ३. प्रभावित घरधुरी संख्या (स्थानीय तहगत)

| सि.न. | स्थानीय तह | वडा नं. | पुर्ण क्षति | आंशिक क्षति | जम्मा |
|---|---|---|---|---|---|
| १ | विदुर नगरपालिका | १ | ३९० | ९३ | ४८३ |
| २ | विदुर नगरपालिका | ३ | ८० | २८ | १०८ |
| ३ | विदुर नगरपालिका | ४ | ६० | २७ | ८७ |
| ४ | विदुर नगरपालिका | ५ | २६२ | ७६ | ३३८ |
| ५ | विदुर नगरपालिका | ६ | ५ | ४ | ९ |
| ६ | विदुर नगरपालिका | ७ | १२० | ८० | २०० |
| ७ | विदुर नगरपालिका | ८ | ५ | ० | ५ |
| ८ | विदुर नगरपालिका | ९ | ९० | ४० | १३० |
| ९ | विदुर नगरपालिका | १० | २९० | २८ | ३१८ |
| १० | विदुर नगरपालिका | १२ | ० | ० | ० |
| ११ | बेलकोटगढी नगरपालिका | ५ | ० | ० | ० |
| १२ | बेलकोटगढी नगरपालिका | ७ | ५५ | २५ | ८० |
| १३ | बेलकोटगढी नगरपालिका | ८ | ४८ | १७ | ६५ |
| १४ | किस्पाङ्ग गाँउपालिका | ५ | ३४ | ० | ३४ |
| १५ | तार्केश्वर नगरपालिका | २ | ० | ० | ० |
| १६ | तार्केश्वर नगरपालिका | ४ | १८ | २७ | ४५ |
| | जम्मा | | १४५७ | ४४५ | १९०२ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नुवाकोट

प्रशासकीय अधिकृत

## ४. खोज तथा उद्दार



१. त्रिशुली ३-A जलविद्युत आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र बिधुतका कर्माचारी गरि ९४ जनाबाट खोज तथा उद्धार कार्य गर्ने क्रममा पावरहाउससम्म पुगी खोज तथा उद्धार कार्य भइरहेको।

२. त्रिशुली ३-B जलविद्युत आयोजनामा हेली मार्फत एक्साभेटर Drop गरि नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र बिधुतका कर्मचारी गरी ६३ जना उक्त स्थानमा Critical Item परिचालन गरी ४ वटा एक्साभेटर र थर्मल डिभाइस समेत प्रयोग गरी सुरक्षा निकायको उद्दार टोली खटिएको र Audit १ देखि Audit २ सम्म पुगी खोज तथा उद्धार कार्य भइरहेको र हालसम्म केही फेला नपरेको।

३. मिति २०८३ भाद्र २६ गते खोज तथा उद्दार कार्यका लागि ३१ (shuttle) पटक हेली उडान गरिएको।

४. रसुवागढी जलविद्युत आयोजनामा पावरहाउस सम्म पुगी खोज तथा उद्धारको कार्य भइरहेको।

५. लाङ्गटाङ्ग आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र विद्युतका कर्मचारी गरी २८ जनाबाट करिब १५० मिटर पुगेर दुई स्थानमा प्वाल पारेर, उक्त प्वाललाई ठुलो बनाइ, भित्र पसेर खोज तथा उद्धार कार्य भइरहेको।

६. नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा मित्र राष्ट्रबाट आएको विज्ञ टोली समेतको टिमले (UT-१ २१६) अपर त्रिशुली १ को Audit ४ सम्म पुगी ड्रोन मार्फत खोज तथा उद्धारको कार्य भईरहेको।

७. चिलिमे जलविद्युत आयोजनामा नेपाली सेना, मित्र राष्ट्रको विज्ञ टोली र CSSR टिमले करिब १८० मिटर भित्रसम्म गई खोजी गर्दा हाल सम्म केही फेला नपरेको थप खोज तथा उद्धार कार्य भई रहेको।



८. माथी उल्लेखित टनेलहरूमा अत्याधुनिक ड्रोन तथा थर्मल क्यामेराबाट खोज तथा उद्धार कार्य भईरहेको।

९. अन्य जलविद्युत आयोजना लगायत ठाउँमा नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा खोज तथा उद्दार कार्य भइरहेको।

१०. नुवाकोट जिल्लाका विभिन्न १९ स्थानहरुमा नेपाली सेनाको Ground Forces वाट खोज तथा उद्धार कार्य भइरहेको। हरेक ठाउँमा पुग्ने गरी नेपाली सेनाको Petrol Team खोज तथा उद्धार गर्ने गरी परिचालन भएको।

११. सशस्त्र प्रहरी बल नेपालको २ वटा तलिम प्राप्त कुकुर सहितको केनाइन टोली खोज तथा उद्धारमा खटिएको।

१२. नेपाल प्रहरीको केनाइन टोली (२ वटा तलिम प्राप्त कुकुर र ४ जनाको जनशक्ति), १२ जना नेपाली प्रहरी सहितको टोलीले त्रिशुली देखि वेत्रावती क्षेत्रमा खोज तथा उद्धारको कार्य गरिरहेको।

१३. नेपाल प्रहरीको १० जनाको श्रव्यदृश्य विज्ञ टोली ड्रोन मार्फत बाढी प्रभावित खोला किनाराहरुमा बस्तुस्थितिको

अवलोकन, निरिक्षण र विवरण संकलन गरी खोज तथा उद्धारमा सहजीकरण गरिरहेको। समग्रमा करिब ५६८ जना नेपाल प्रहरी खोज तथा उद्धारका लागी परिचालन भएको।

१४. प्रभावित व्यक्तिहरु रहेको होल्डिङ्ग सेन्टरहरुमा, खोला किनारमा खोज तथा उद्धारका लागी, राहत संकलन तथा वितरण केन्द्रहरुमा र त्रिशुली नदीको दुबै तर्फ खोज तथा उद्धार कार्यमा गरी करिब ४६० जना सशस्त्र प्रहरी बल परिचालन भएको।

१५. मिति २०८३ भाद्र २६ गते सशस्त्र प्रहरी बलको टिमले ईनारपाटी र ईन्द्रायणी देखि त्रिशुली पारी कार्गो ड्रोन मार्फत करिब ३००१ के.जी राहत र ईन्धन सामग्रीहरू ढुवानी गरिएको।

## ५. सडक सञ्चालन



१. गल्छी- देवीघाट सडक खण्डको ठुलो खोला पुल मर्मत र लेदो पन्छाउने कार्य भइरहेको लेदो पन्छाउँदा पुन माथितिरबाट लेदो बगेर आउने क्रम नरोकिएको हुनाले लेदो हटाएर अवरुद्ध पुल/सडक खुलाउने कार्य भईरहेको, बाघखोरबाट काशीटार बालुवा खानीमा मेसिन झारेर ठुलो खोलामा दुबै तर्फबाट सफा गर्ने कार्य भइरहेको। रातमाटेको कटान भएको सडक खण्ड बनाउने कार्य भईरहेको।

२. तादी खोला बगाएर अवरुद्ध सडकमा एक्रो ब्रिज (ACRO BRIDGE) जडान कार्य सम्पन्न भई सुचारू भएको।

३. ढुंगे बजार क्षेत्र देखि तिरतिरे भीरबाट करिब १.७५ कि.मी. वेत्रावती तर्फ सडक सफा गर्ने कार्य सकिएको, ३-४ वटा मेसिन मार्फत सडकमा जमेको ५-६ मिटर बाक्लो Debris पन्छाउदै अगाडी बढेको। वेत्रावती पुग्न करिब ९५० मी. सडक खण्ड मर्मत बाँकी रहेको। वेत्रावती तर्फबाट पनि २ बटा एक्साभेटर र १ वटा व्याक हु लोडर मार्फत सफा गर्ने कार्य निरन्तर रहेको।

### बैकल्पिक सडक

१. बाहुनेबेसी-लाच्यांग-परच्यांग-धुन्चे जाने सडकमा साना सवारी संचालनमा रहेको।

२. विदुर- चोगते, बोरेभञ्ज्याङ्ग- लच्याङ्ग- जिरो किलो- धुन्चे जाने सडक खण्ड सञ्चालनमा रहेको।

३. ढीकुरे- फेदीबेसी-चोगते, बोरेभञ्ज्याङ्ग- ढुङ्गेश्वारा हुँदै वेत्रावती रसुवा जाने बाटोमा साना सवारी संचालनमा रहेको।

४. चोगाते- बोरेभञ्ज्याङ- दण्डश्वारा- ढुङ्गेश्वारा- पाटीखर्क- भोर्ले सडकमा ठुला सवारी सञ्चालन गर्नका लागि पहल भईहेको।


५. विदुर नगरपालिकाबाट उपलब्ध HEAVY MACHINE हरु विदुर-११ थापाटार- बेत्रावती सडक संचालनका लागि कार्य भैरहेको।

प्रशासकीय अधिकृत

६. कोलोनी- बुद्धसिंहघाट जाने सडक सुचारू रहेको।

७. गल्छी- कोशीखोला- कोलडाँडा- तार्केश्वर-२ वडा कार्यालय- छत्रेखोला पुल तरेर कुमलटार- लबडाँडा- सिरखाली- बुनीबेसी- कालीखोला- माझीगाँउ हुँदै कोलोनी जाने बैकल्पिक मार्ग सञ्चालन रहेको।

८. कोलोनी- ढुंगे लगायत ठाँउमा तुइन सञ्चालन गर्न तुईनको लट्ठा ल्याइएको, विशेषज्ञ टोलीले उपयुक्त स्थान पहिचान गरि तुईन संचालनमा ल्याउने तयारी भइरहेको। नुवाकोटको बिदुर -९ इन्द्रायणी चौर बाट कोलोनी गुम्बामा, देविघाटमा र इण्द्रेणी चौरमा तुईन निर्माण कार्य सम्पन्न भई सुचारू भएको।



९. बेलकोटगढी- निरन्जना सडक सुचारू रहेको।

१०. बिदुर- पिपलटार- धमले- निरन्जना- बागखोर- देउराली- दुईपिपल- कोल्पुटार हुँदै गल्छी जाने बाटो बैकल्पिक रुपमा प्रयोग गर्न सकिने।

११. ढुङ्गेबाट पारिपट्टी झोलुङ्गे पुल राख्न Foundation राख्ने कार्य भईरहेको।

१२. किस्पाङ्ग जोड्ने सलाखु खोलामा पुल बगाएको हुँदा उक्त स्थानमा १२० सि.मीको १६ वटा ह्युम पाईप राख्नका लागी पाईप ढुवानी कार्य भइरहेको।

१३. वेत्रावतीबाट रसुवा जोड्ने बेली ब्रिज राख्न Foundation खन्ने कार्य भईरहेको।

## ६. स्वास्थ्य

१. नेपाली सेनाको मेडिकल टिमले होल्डिङ्ग सेन्टरहरूमा सम्भावित संक्रमण फैलिन नदिनका लागि Disinfection को कार्य गरिरहेको साथै प्रभावितहरुलाई मनोसामाजिक परामर्श दिने कार्य भइरहेको।



२. सशस्त्र प्रहरी बलको विज्ञ डाक्टर तथा स्वस्थ्यकर्मीद्वारा २४ सै घण्टा परिचालित भई मोबाइल मेडिकल सर्भिस प्रदान गरिएको। उक्त टोलीले विस्थापित तथा उद्धार गरिएका पीडितहरूलाई निरन्तर रूपमा आवश्यक स्वास्थ्य सेवा तथा टोलीमार्फत मनोसामाजिक परामर्श दिने कार्य समेत गरिरहेको।

३. सशस्त्र प्रहरी बलको टिमले ईन्द्रायणी देखि त्रिशुली पारी रहेको होल्डिङ्ग सेन्टरमा ड्रोन राहत तथा मार्फत मेडिकल सामाग्री लैजाने काम गरेको।

४. मिति २०८३ भाद्र २६ गते बेलुका ६ बजेसम्ममा सशस्त्र प्रहरी बलको मेडिकल टोलीद्वारा ३००३ जनाको स्वास्थ्य जाँच गरिएको साथै होल्डिङ्ग सेन्टर लगायत प्रभावित क्षेत्र वरपर किटनाषक औषधीहरू छर्किएर Disinfection गरिएको।

५. विभिन्न अस्पतालहरूबाट आएका ३८ जनाको मेडिकल टिमले विभिन्न होल्डिङ्ग सेन्टरमा रहि स्वास्थ्य एबम् मनोपरामर्श सेवा प्रदान गरिरहेको।

६. जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा सबै होल्डिङ्ग सेन्टरहरूमा घुम्ती तथा सोही सेन्टरमा रहेर स्वाथ्य सेवा प्रदान गरिरहेको।

## ७. खानेपानी

१. देवीघाटमा बोरिङ्गबाट जेनेरेटर प्रयोग गरि खानेपानीको व्यवस्थापन भएको।

२. विदुरमा विभिन्न स्थानहरुमा ट्याङ्करबाट खानेपानी व्यवस्थापन गर्ने कार्य भइरहेको।

## ८. राहत वितरण



गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्र मार्फत एकद्वार प्रणाली अनुसार राहत वितरण सम्बन्धी कार्य भइरहेको।

१. जिल्ला समन्वय समितिको हल, मैथली व्यारेक र बिदुर नगरपालिकाको कार्यालयबाट राहत संकलन र वितरणको कार्य भइरहेको ।

२. मितिः २०८३ भाद्र २५ गते सम्ममा ४०२ वटा संघ-संस्था मार्फत राहत संकलन भएको।

३. मितिः २०८३ भाद्र २५ गते सम्ममा ७२१ वटा ठाउँहरूमा राहत वितरण भएको।

४. मितिः २०८३ भाद्र २६ गते संकलित भएको र संकलन केन्द्रबाट वितरण भएको विवरण राष्ट्रिय सूचना प्रणालीमा प्रविष्ट हुने क्रममा रहेको।

## ९. शव व्यवस्थापन

१. मिति २०८३ भाद्र २६ गते बेलुकासम्ममा कुल ३७ वटा शवको पहिचान भएकोमा ३७ शव आफन्तहरूलाई जिम्मा लगाईएको।

२. विभिन्न स्थानहरुबाट पहिचान खुलेका र नखुलेका गरि १९९ बटा शव फेला परेको।

३. मिति २०८३ भाद्र २६ गतेसम्ममा रसुवा जिल्लाबाट ल्याईएको ६३ वटा र नुवाकोट जिल्लामा फेला परेका २ वटा गरि जममा ६५ वटा शवको **"पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७८"** बमोजीम विदुर नगरपालिकाको वडा नं. ६ मा रहेको खम्बाक्याम्प स्थित केन्द्रिय कारागारको खाली जमिनमा व्यवस्थापन गरिएको।

४. मिति २०८३ भाद्र २६ गते नुवाकोट जिल्लामा १७ शवको पोष्टमार्टम गरी डि.एन.ए Sample संकलन गरिएको र हालसम्म सम्पर्क बिहिन ४७ जना व्यक्तिहरूको परिवारजनको डि.एन.ए Sample संकलन गरिएको।

५. मिति २०८३ भाद्र २५ गते सशस्त्र प्रहरी बल नेपालको टोलीले किस्पाङ-५ मा १ वटा पुरुषको फेला पारी जिल्ला प्रहरी कार्यालय, नुवाकोटलाई हस्तान्तरण गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, नुवाकोट

## १०. होल्डिङ्ग सेन्टरको विवरण

| सि.नं. | Camp रहेको स्थान | प्रभावित स्थान | शिविरको नाम | बसोबास संख्या (महिला) | बसोबास संख्या (पुरुष) | बसोबास संख्या (जम्मा) | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | किस्पाङ-५ | किस्पाङ वडा नं.-५, | कार्की मनकामना आ.वि., कार्कीगाउँ | ५ | ६ | ११ | निर्मला खड्का ९८०४६०७४१३ |
| २ | किस्पाङ-५ | किस्पाङ वडा नं.-५ अर्चले | त्रिभुवन मा.वि. | २७ | १६ | ४३ | उमेश राज बोहोरा ९८६४४७७११३ |
| ३ | बेलकोटगढी-७ | बेलकोटगढी नगरपालिका-७ | महादेव मावि | ३९ | २३ | ६२ | विवेचना अधिकारी ९८६१३२२८११ |
| ४ | बेलकोटगढी-७ | बेलकोटगढी नगरपालिका-७ | महादेब क्याम्पस महादेव फाँट | ११ | १० | २१ | विवेचना अधिकारी ९८६१३२२८११ |
| ५ | बेलकोटगढी-७ | बेलकोटगढी नगरपालिका-७ | शिलादेवी मा बि रातमाटे | २९ | १७ | ४६ | सविन भण्डारी ९८४४३९२३६५ |
| ६ | बेलकोटगढी-८ | बेलकोटगढी नगरपालिका- ८ | जनसेवा आ. बि | २२ | १५ | ३७ | उर्मिला चित्रकार ९८२८०८४५६९ |
| ७ | विदुर-१ | विदुर-१ त्रिशुली बजार क्षेत्र | इन्दायणी आ.वि. विदुर १ | १८ | १९ | ३७ | महादेव पनेरु ९८५८७५०७३७ |
| ८ | विदुर-२ | विदुर-१ त्रिशुली ढुङ्गे क्षेत्र र विदुर-४ सिमचौर | सेफहाउस/क्रियापुत्रि भवन | ६५ | ९७ | १६२ | आशिष के.सी. ९८६१५९५८६२ |
| ९ | विदुर-२ | विदुर-१० (वेत्रावतीका प्रभावितहरु) | स्वास्थ्य चौकी विदुर २ नुवाकोट दरबार | ४६ | ४५ | ९१ | सम्झना डंगोल ९८४१०८६१७४ |
| १० | विदुर-३ | बिदुर नगरपालिका बिदुर-३ | माझीगाँउ देवीटार | ५१ | ५२ | १०३ | श्रीकृष्ण अधिकारी ९८४१६७१३३५ |
| ११ | विदुर-२ | विदुर-४ बट्टार र रसुवा क्षेत्र | कवर्ड हल/ हिमालयन ऐकेडेमी | १३५ | १३२ | २६७ | अस्मिता थापा ९८४१५४८३०३ विक्रम रिमाल ९८४१०८६०९९ |
| १२ | विदुर-२ | शेरा | अन्नपुर्ण पञ्चकन्या आ.वि | १२ | ८ | २० | |
| १३ | विदुर-४ | रसुवा | तामाङ प्लाजा विदुर ४ बट्टार | ६८ | ८१ | १४९ | अन्जना मुक्तान ९८४१५२११८८ |
| १४ | विदुर-४ | बिदुर नगरपालिका विदुर-४ | युनाइटेड आधारभुत बिद्यालय | २३ | ३७ | ६० | धिर बोगटी ९८४३४५०७९३ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, नुवाकोट

| सि.नं. | Camp रहेको स्थान | प्रभावित स्थान | शिविरको नाम | बसोबास संख्या (महिला) | बसोबास संख्या (पुरुष) | बसोबास संख्या (जम्मा) | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १५ | विदुर-५ | विदुर-५ देविघाट | आयुर्वेद बैकल्पिक चिकात्सालय | ७७ | ८० | १५७ | विकास डंगोल ९८१८१३६३४१ |
| १६ | विदुर-५ | विदुर-५ देविघाट | चन्द्रज्योती मा.वि. | ९० | ९० | १८० | अनुप के.सी. ९८४५७७७८३७ |
| १७ | विदुर-६ | बट्टार चौतारा/ चिस्यान केन्द्र | बट्टार चौतारा/ चिस्यान केन्द्र | ८ | ३ | ११ | दिपेश पन्त ९८४७६१५२११ |
| १८ | विदुर-७ | विदुर-७ तुप्चे क्षेत्र | लाईबेरी/ स्वास्थ्य चौकी तुप्चेटार | ३६ | ३४ | ७० | सुजन परियार ८०८७१२२६२ गजेन्द्र घर्ती ९८१०८६०३१९ |
| १९ | विदुर-९ | विदुर-१ त्रिशुली बजार क्षेत्र | कोलनि कवर्ड हल / भैरुम मावि | १७४ | १६१ | ३३५ | देवी बहादुर शाही ९८४८२९१९६२ |
| २० | विदुर-९ | विदुर न.पा. वडा नं.-९ | त्रिशुली आ.वि. | ७० | ७४ | १४४ | योगेश पन्त ९८६८५७८१२३ |
| २१ | विदुर-९ | विदुर न.पा. वडा नं.-९ | शुलक्षणा मा.वि. | ७६ | ८६ | १६२ | योगेश पन्त ९८६८५७८१२३ |
| २२ | विदुर-९ | बिदुर नगरपालिका विदुर-१ | स्टार बोर्डिङ्ग कोलोनि | १२२ | ११२ | २३४ | देवी बहादुर शाही ९८४८२९१९६२ |
| २३ | विदुर-१० | विदुर-१० बेत्रावती भैसे क्षेत्र | सुन्दरि क्यौरीनि मा.वि. | ५९ | ६६ | १२५ | दिपक दुलाल ९८४९०२५५३५ |
| २४ | विदुर-१० | वेत्रावती | खमारे स्याले, केराघारी | १५ | ४० | ५५ | |
| २५ | विदुर-९ | बिदुर नगरपालिका विदुर-१ र ९ | किम्ताङ्ग टोल | ४ | १ | ५ | |
| | | | जम्मा | १२८२ | १३०५ | २५८७ | |

थप जानकारी तथा विवरणका लागि

**Website:** http://www.daonuwakot.gov.np
**Facebook Page:** http://www.facebook.com/daonuwakot0/
**Dead body पहिचानको लागि:** http://www.nepalpoilce.gov.np